# आचार्य श्री नाङ्वाङ वाशियर छेम्पो शेर्पाज्यूको विद्वद-प्रवचन,

**यस समारोहका सभापति एवं मदन पुरस्कार गुठीका अध्यक्ष श्रीकमलमणि दीक्षितज्यू, यस वर्षको मदन पुरस्कार प्राप्त कृति "खलंगामा हमला"की स्रष्टा श्री राधा पौडेलज्यू, जगदम्बाश्री पुरस्कार विजेता अन्वेषक श्री शिव रेग्मीज्यू, यस समारोहमा उपस्थित सम्पूर्ण विद्वान, विदुषी एवं सर्जकहरू, भद्रमहिला तथा सज्जनवृन्द, पत्रकार मित्रहरू ।**

सबैभन्दा पहिले त राष्ट्रिय महत्त्वको यस्तो गरिमापूर्ण पुरस्कार वितरण समारोहमा मलाई आफ्ना विचारहरू राख्ने अवसर प्रदान गरेकोमा मदनपुरस्कार गुठीका अध्यक्ष श्रीकमलमणि दीक्षितज्यूलगायत सम्पूर्ण गुठी परिवारप्रति आभार प्रकट गर्न चाहन्छु। अकाशमा शुभ नक्षत्र, भूमिमा न्यानो सूर्योदय भएको शुभ तिथिमितिको सुखद् घडीमा केही कुरा निवेदन गर्न चाहन्छु । यी बाहेक कुरा बढी भएमा "राजाको कान दुख्ने र कम भएमा मन्त्रीले कुरा बुझ्दैनन्" भन्ने उक्ति र धेरै बकबक गर्नाले कुरा हराउँछ, धेरै भौतिकवादी भयो भने धर्म हराउँछ भन्ने उक्ति चरितार्थ हुनेछ । तसर्थ मैले निवेदन गर्ने कुरामा अध्यक्ष महोदय लगायत माथि मञ्चमा आसन ग्रहण गरी रहनुभएका जगदम्वाश्री पुरस्कार र मदन पुरस्कार विजेता स्रष्टाहरू, त्यसैगरी यहाँ मदन पुरस्कार वितरण समारोहमा उपस्थित हुनुभएका आदरणीय आमा, बुबा, अग्रज दाजु, भाइ, दिदीबहिनी, इष्टमित्र सबैले ध्यान दिएर मेरो कुरा सुनिदिनु हुन आग्रह गर्दछु ।

भेला हुने तरीका धेरै किसिमका भएता पनि आज हामीहरू नेपाली भाषाको श्रीवृद्धि एवं संरक्षण सम्वर्धनका सिलसिलामा यहाँ जमघट भएका छौं। भनिन्छ माथि देवलोकमा देवताहरूको भेला मनोरञ्जनमा, तल नागलोकमा नागहरूको भेला धन सम्पत्तिमा अल्झेको हुँदा के ही गर्न सक्दैनन् । कम से कम हामी सबै यहाँ भाषा साहित्य, संस्कृतिको उन्नति र प्रवर्द्धनको लागि जम्मा भएका छौं । यसरी भेला हुने क्रममा कतिपय ऐतिहासिक महापुरुषहरूको शुभागमनले सभा कृतज्ञ भएको कुरा बताउन चाहान्छु।

म एकजना बौद्धधर्मानुयायी भिक्षु भएकोले मेरो विचार र चिन्तन त्यसै अनुसार सादा, सरल हुन्छ। धेरै बुट्टा भर्न जान्दिनँ। परापूर्व कालदेखि हाम्रो समाजमा अनगिन्ति महान् ऋषिमुनि र दक्ष, सिद्ध महापुरुषहरू उदय भएका छन्। आवश्यकता अनुसार केहीको नाम उच्चारण गर्नुपर्दा सांख्यक दर्शनका प्रवर्तक कपिलमुनि, बौद्ध धर्मको प्रवर्तक गौतम बुद्ध, नेपाली भाषाको उन्नयनको लागि आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, प्रसिद्ध साहित्यसेवी मोतिराम भट्ट, इतिहास शिरोमणि बाबुराम आचार्य आदि इत्यादिका नाम लिन सकिन्छ। वहाँहरूले जीवन जगतसँग सम्वन्धित, व्यावहारिक र ऐतिहासिक घट्ना तथा साहित्य सम्बन्धि भावपूर्ण सिर्जना, भाषा, काव्य आदि विविध विषयमा गद्य, पद्य र मिश्रित कृतिहरू रचना गरी हामीलाई हस्तान्तरण गरेर ठूलो गुन लगाउनुभएको छ। वहाँहरूले कृपा नगरेको भए आज हामी अनेक कृतिहरूको रसपान गर्ने अवसरबाट वञ्चित हुन्थ्यौं होला । त्यसै ले हाम्रो लागि वहाँहरू अत्यन्त महान् हुनुहुन्छ। प्राकृतिक नियमको शिरोपर गरी वहाँहरू आज हाम्रो सामु समुपस्थित नभए पनि यहाँ हाम्रो सामु विराजमान विज्ञ स्रष्टाहरू वहाँहरूका प्रतिनिधि हुनुहुन्छ। वहाँहरू हाम्रो राष्ट्रिय विभूति हुनुहुन्छ।

हाम्रा अग्रज र पूर्वजहरूका विभूतिपथको अनुसरण गरी विविध विधामा चालेको कदम नै हाम्रो राष्ट्रिय सम्पत्ति र दस्तावेज हो । हाम्रो परिवारिक चालचलन, सामाजिक रहन सहन र मूल्य मान्यता, सांस्कृतिक आचार विचार, रीतिथिति र परम्परा, ऐतिहासिक घटनाक्रम, हिमाल, पर्वत, खोलानाला, ताल, जलाशय आदि प्राकृतिक सम्पदा र भौगोलिक विकटता तथा भौतिक विकाश, आध्यात्मिक धर्म र दर्शन, कला, साहित्य, भाषा लिपि, पुराण र कथा इत्यादि सांस्कृतिक सभ्यतालाई जीवन्त दिन रातदिन लागि परेको हाम्रो स्रष्टाहरूको योगदानको जति खुलेर प्रसंशा गरे पनि कमै हुन्छ। उहाँहरूको कृति, सामग्री नै हाम्रो देशका साँस्कृतिक सम्पदा र निधि हो। पश्चात् यो धरतिमा हामी नरहे पनि हाम्रो विचार र हस्तचिन्ह अमर रहने छ, हाम्रो भावी सन्ततिहरूका लागि हस्तान्तरण गर्ने साधन संलग्नता र योगदानको धरौटी सावित हुनेछ। अन्यथा सभ्य संस्कृतिविहीन समाज भेषभूषारहित बुड्ढो सुन्दरी जस्तै हुनेछ ।

## धर्म

आफ्ना गुण वा लक्षण धारण गर्ने बस्तुलाई धर्म भनिन्छ । यथा, स्वलक्षणधारणाद् धर्म (अभिधर्मकोष भाष्यं) जस्तै आगोको धर्म तातो र पोल्ने हो भने, पानीको धर्म चिसो अनि पातलो र पिरो खुर्सानीको धर्म हो भने, नुनिलो नुनको धर्म हो । त्यस्तै विनष्ट गर्ने विषको लक्षण हो भने अविनष्ट गर्ने दबाईको, उँभो बल्ने आगोको स्वभाव र उँधो बग्ने पानीको स्वभाव भए जस्तै स्वर्ग र सुगतिमा उत्थान गर्ने सद्धर्मको स्वभाव तथा दुःखमय दुर्गतिमा पतन गर्ने असद्धर्मको स्वाभाव हो, यो अकाट्य प्राकृतिक नियम हो ।

धर्मको वारेमा केही शब्द भन्नु पर्दा बुद्धले देशना गर्नुभएको ८४ हजार धर्म स्कन्धको राशीलाई सारमा संक्षेपीकरण गर्दा दश कुशलमूलमा

समेटिन्छ। ती हुन् प्राणीहत्या त्यागेर प्राणीको प्राण रक्षा गर्नु, अदत्तादान (चोरी गर्ने काम) त्यागेर दान दिनु, मिथ्याचार (अब्रहमचर्य) त्यागेर ब्रह्मचर्य (शील) पालन गुर्न, यो शरीरबाट सञ्चय गर्ने तीन कुशल धर्म हो। प्राणीहिंसाको बारेमा बुद्ध भन्नु हुन्छ- आफूलाई उदाहरण मानेर अरूको अहित नगर्नु, स्वयं अस्वास्थ्य हुँदा कत्तिको पिर पर्दो रहेछ, अरूलाई पनि त्यस्तै दुःख अनुभव हुन्छ, आफ्ना छोरा छोरीको धेरै माया लाग्ने जस्तै अरूलाई पनि त्यस्तै माया लाग्छ, आफूलाई स्वआत्म स्नेह लाग्ने जस्तै अरू प्राणीलाई पनि परात्मस्नेह लाग्छ भन्ने स्थिति संझेर अरूको अहित (हिंसा) नगर्नु भनिएको छ।

त्यसैगरी-दण्ड देखेर सबै डराउँछन्, सबैलाई ज्यानको माया लाग्छ, त्यसकारण आफू जस्तै संझेर प्राणीलाई आघात नगर्नु नगराउनु। -दण्डवर्ग, धम्मपद।

दुष्टव्यवहार त्यागेर ब्रह्मचर्य पालना गर्दा ३ किसिमका समागम (अब्रह्मचर्य) त्याग गरी श्रीमती श्रीमान्को सतमा र श्रीमान् श्रीमतीको सतमा बसेर एकले अर्काको मानसम्मान गर्दा ब्रह्मचर्य पालन गरेको काम हुनेछ र त्यस घरमा सदा शान्तिको दियो बल्नेछ। यस जिन्दगीमा शारीरिक सुख र मानिसक शान्ति लाभ हुनाका साथै पुनर्जन्ममा, ब्रह्मलोकमा जन्मिएर असंख्य कल्पसम्म ब्रह्मचर्य पालन गरेको सुख भोग गर्न पाइन्छ भनिएको छ।

असत्य बचन त्यागेर सत्य कुरा गर्नु, वैरभाव त्यागेर वैरीसंग मिल्नु, अपशब्द त्यागेर प्रियवचन बोल्नु, व्यर्थको प्रलाप त्यागेर अर्थ भएको वार्ता गर्नु, यो चार वाकको माध्यमबाट सञ्चय गर्ने कुशल कर्म हो। लोभ त्यागेर दान दक्षिणा दिने कार्यमा मन लगाउनु, अहितचित्त त्यागेर अरूको हित चिताउनु, मिथ्यादृष्टि (पाप धर्म र पूर्वजन्म,

पुनर्जन्म नमान्ने) विचार त्यागेर सम्यक (राम्रो बिचारको) आश्रय लिनु । यो तीन मनको माध्यमबाट सञ्चय गर्ने कुशल कर्म लगायत दश कुशल मूल हुन् ।

यसरी दश कुशल मूल सञ्चय गर्दा हामीलाई के लाभ हुन्छ ? भने प्राणीको प्राण रक्षा गर्दा दीर्घजीवि, निरोगी र स्वास्थ्य लाभ हुने, अदत्तादान (चोरी गर्ने काम) त्यागेकाले हामी धन सम्पत्तिले सु-सम्पन्न हुने र चोर डाका नलाग्ने, ब्रह्मचर्य पालन गरेकोले राम्री श्रीमती, पतिव्रता पालन गर्ने सुन्दरी लाभ हुने छ । ब्रह्मचर्य विपरीत चर्या गर्नेहरू नैतिक रुपमा पतन हुनुका साथै अजात र अछूत हुनेकुरा धर्म शास्त्रमा पाइन्छ ।

भगवान बुद्धले २६ शय वर्ष पहिल्यै यो कुरा प्रचारमा ल्याइसके पनि वैज्ञानिक र डाक्टरहरूले बल्ल हिजो आज यो कुरा बुझेर धेरै जनासँग देह सम्पर्क गर्दा खतरा हुन्छ भन्न थालेका छन् ।

असत्य वचन त्याग्दा हाम्रो कुरामा सबैले विश्वास गर्ने, बोलेको वचन खेर नजाने, सबैले प्रशंसा गर्ने र हाम्रो बचनले पनि महावाणी र अमरवाणीको स्थान पाइन्छ । पहिले अंगुलीमालले सत्यवचन वाचन गरेर सत्यवचनको सत्यताले प्रसूतिवेदनाले छट्पटाइरहेकी एकजना सुत्केरी आमा उक्त समस्याबाट मुक्त भएको उदाहरण जस्तै हो । त्यस्तै धेरै उदाहरणहरू प्रस्तुत गर्न सकिन्छ । वैरभाव नगरी एक आपसमा मिलेर बस्दा जहान परिवारले आदर गर्ने, सबै साथीभाइ र छर छिमेकीहरूसँग मेल मिलाप हुने हुँदा बुद्ध भन्नु हुन्छ-

वैरभावले वैरभाव शान्त हुँदैन, प्रेम भावले मात्र वैरभाव शान्त हुन्छ, यही नै मानव समाजमा चलिआएको धर्म हो -धम्मपद ।

अपशब्द त्यागेकोले सदा मधुर वचन सुन्न पाइने र घाँस पानी सबै मिलेको रमणीय स्थानमा बास गर्न पाइन्छ। व्यर्थको प्रलाप त्यागदा आफ्ना कुरा पत्यार हुने, शुद्ध बोल्ने र वाक्शक्ति बढ्ने छ। र चार ऋतु अनुकुल भएको ठाउँमा जन्मलिन पाइन्छ। अपशब्द बारे बुद्ध भन्नु हुन्छ- जसले कसैलाई पनि पीडा दिँदैन, कडा बोली बोल्दैन र कारण बताई स्पष्ट रुपले सत्य कुरा प्रकाश पार्छ, त्यसलाई म ब्राह्मण अर्थात् असल व्यक्ति भन्दछु।

लोभ त्याग गर्दा भौतिक वस्तुको दान, कसैले मार्न लागेको प्राणीको जीवनदान, धार्मिक कथा, पुराण आदि अरूको मनमा श्रद्धा जगाउने धार्मिक कृयाकलाप गर्न सक्षम हुन्छ। त्यसैले भनिएको छ- धनवानले दान नदिए, त्यो त अरूको चौकीदार हुनेछ।

अहितचित्त त्यागदा अहिंसक, परहित मैत्रीचित्त र करुणाको भावना बढ्नेछ। मिथ्यादृष्टि त्यागेकोले धर्ममा विश्वास, स्पष्ट विचार र तीक्ष्णमति लाभ हुनेछ। मिथ्यादृष्टि भनेको यो जिन्दगीमा खाए, लाएको मोज मज्जा गरेको यही नै पाइन्छ मरेपछि ढुङ्गा माटो जस्तै हुन्छ भन्ने विचार हो। यसलाई झूटो र उल्टो बिचार पनि भनिन्छ। धार्मिक शास्त्रमा यस्ता विचार मन सन्ततिमा उत्पन्न हुनु नै अलक्षणको संकेत मानिन्छ। खान लाउनमा मात्र सीमित राखे चेतनशील मानव जीवन अज्ञानी मूर्ख पशुको जीवनभन्दा नीच हुनेछ।

उपर्युक्त मैत्रीचित्त, यो चतुर अप्रमाण्य व्रह्मविहारको एक अंग हो। त्यसको लक्ष्य हो सबै प्राणीको सुख, समृद्धि र शन्तिको चाहना गर्नु, अरूको हित चिताउनु, नरम हृदय, स्वच्छ सहयोग, स्नेह र स्वच्छ माया गर्नु हो। विश्वका सम्पूर्ण प्राणी सुख सुविधा र शान्ति समृद्धिको हेतुफलयुक्त होओस् भन्ने शुभेच्छा हो मैत्रीचित्त।

करुणा-यसको लक्ष्य हो, सबै दुखी प्राणीहरू दु:खको हेतुफलबाट मुक्त होओस् भन्ने शुभेच्छा, जस्तै रोगीहरू रोगबाट मुक्त होओस्, गरिवहरू गरिबीबाट, अज्ञानीहरू अन्धविश्वासबाट, दासदासीहरू दासत्वबाट, नर्कीय प्राणीहरू नर्कलोकबाट, प्रेतहरू प्रेतलोकबाट, पशुहरू एक अर्कालाई खाने डर त्रासबाट मुक्त होओस् अर्थात मुसा बिरालोको डर त्रासबाट, कुकुर बाघको डर त्रासबाट, चौरी गाई ब्वाँसोको डर त्रासबाट मुक्त होओस्। अन्धोले दृष्टि पाऊन्, हात खुट्टा नभएका अपाङ्गहरू सबलाङ्ग होऊन्। निर्धाहरू सबलबाट, आहतहरूले राहत र मार्न लागेकाहरूले जीवनदान पाउन् भन्ने सदीक्षा हो करुणा।

**करुणाको भावना**

सबै प्राणीलाई आफ्ना आमा संझेर, आमाले जीवनदान दिएको कृपा संझेर, आमाले मरण अवस्थाको बच्चालाई मर्न नदिई पहिलो लुगा छातिको तातोपन, पहिलो खाना स्तनपान गराएर पालन पोषण गरी ठूलो पारेको गुण संझेर, आमाले तातो चिसो, पिर मर्काको दुख जति सबै आफूले लिएर सुख जति सबै हामी छोरा छोरीलाई दिएर, खाना खान नजान्दा खाना खाने तरीका, लुगा लाउन नजान्दा लुगा लाउने तरीका, बोल्न नजान्दा बोल्ने तरीका, हिंड्न नजान्दा हिंड्ने तरीका सिकाएर, जित जति सबै छोराछोरीलाई दिएर हार जति सबै आफूले लिएर, छोरा छोरी मर्नु भन्दा आफू मर्नु जाती संझेर स्नेहपूर्वक पालन, पोषण गरेको गुण संझेर करुणाको भावना गर्नुपर्दछ।

करुणाको भावना गर्दा मन प्रफुल्ल र प्रसन्नता, संकीर्ण र संकुचितारहित परम आनन्दको अवस्थामा ध्यानमग्न भएर, अरूको समुन्नति, विजय र सुख समृद्धिको अनुमोदन गर्दै हर्षोत्साहित र खुशी व्यक्त गर्दै करुणाको भावना गर्नुपर्छ। यसरी करुणाको भावना गर्दा आफन्तलाई माया र आफन्त नभएकालाई रिस गर्ने प्रवृत्तिदेखि अलग भई शत्रु मित्रु सबै प्रति समान व्यवहार गर्दै करुणाको भावना गर्ने गरिन्छ।

यसका साथै आफू र अरू एक समान भएको भावना गर्दै आफू र अरू यस भजनलोकको सत्त्व भएकोले समान भएको, यस पृथ्वीको मानव भएको नाताले समान भएको, आफूलाई राम्रो प्रिय लाग्ने नराम्रो अप्रिय लाग्ने र सुख शान्ति मनपर्ने र दुःख र अशान्ति मन नपर्ने जस्तै अरूलाई पनि लाग्ने भएकोले आफू र अरू एक समान भएको, प्रिय मित्रसित वियोग हुनु, अप्रिय शत्रुसित संयोग हुनु, सोचेको काम हात नपर्नु, नसोचेको धोखा लागि पर्नु आदि इत्यादि मलाई रमाइलो नलाग्ने जस्तै अरूलाई पनि रमाइलो नलाग्ने भएकोले आफू र अरू एक समान भएको भावना गर्दै अरूको सुख दुःख नै आफ्ना सुख दुःख भएको संभ्केर अरूको सुख दुखमा समान सहभागी जनाउँदै आफुसित एउटा रोटी छ भने जति जना साथी भए पनि सबैलाई बराबर बाँडेर दिनुपर्ने, एकजोर जुत्ता भए त्यो पनि आलो पालो गरी लगाउने आदि इत्यादि बराबर बाँडफाँड गर्ने कृयाकलाप गरेर आफू र अरू समान भएको भावना गरिन्छ।

यसरी आफू र अरू समान भएको भावनामा अभ्यस्त भए पछि आफू र अरू साटासाट गर्ने भावना गर्नुपर्दछ। यो भावना गर्दा अरूको अधोगति र आफ्ना अर्ध्वगति साटासाट गर्ने, अरूको थोत्रो लुगा आफूले लाउने, आफ्नो राम्रो (नयाँ) लुगा अरूलाई दिने, अरूको ऋण आफूले लिने, आफ्ना धन अरूलाई दिने, अरूको रोग आफूले लिने, आफ्ना निरोग अरूलाई दिने, अरूको दुःख आफूले लिएर आफ्ना सुख अरूलाई दिने, अरूको अपजश आफूले लिएर आफ्ना यशकीर्ति अरूलाई दिने, अरूको असफलता र अवनति सबै आफूले लिने, आफ्ना सफलता र उन्नति सबै अरूलाई दिएर यसरी संभव भए सम्मको लाभ सत्कार सबै अरूलाई दिएर अलाभ र असत्कार सबै आफूले लिएर अरूको दुख र आफ्ना सुख सट्टापट्टा गरी अरू र आफू साटासाट गर्ने भावना गरिन्छ।

आफू र अरू साटासाट गर्ने भावनामा अभ्यस्त भए पछि आफू भन्दा अरू ठूलोको भावना गरिन्छ। यो भावना गर्दा आफू भन्दा अरू महान् भएको भावना गर्दै आफू भनेको एक हो, एक भनेको अल्प र सानु हो, अरू भनेको अनेक हो, अनेक भनेको धरै र ठूलो हो, एकको लागि काम गर्नु स्वार्थी र नीच काम हो भने धेरैका लागि काम गर्नु परार्थ र महान् कार्य भएको भावना गर्दछ। आफू भन्दा अरू ठूलो भएकोले आफ्ना नभै अरूको हित उपकार नगरे ज्ञान लाभ नहुने मनन गरी अरूको सेवामा समर्पित हुनेछ। यस क्रममा अरूको नोकर चाकर र सेवक भएर अरूको सेवा गर्ने, आफ्ना अमुल्य र त्नमणि, छोरा छोरी श्रीमती र राज्यदान दिएर, आफ्ना शारीरिक अंग उपांग दान दिएर, आफ्ना तन मन र वचन अरूमा समर्पित गरेर संसार सागरबाट सबै प्राणीको उद्धारका लागि बोधिज्ञान प्राप्त गर्ने कार्यमा लागि पर्दछन् महान् साधकहरू।

सिद्धार्थ कुमारले यही मार्गको अनुसरण गरी आफूलाई तुच्छ र अरूलाई महान् मानेर अरूको सेवामा लागिपर्दा वहाँ चाहिं महापुरुषको ३२ शुभलक्षण र ८० अनुव्यञ्जन तथा ६० ब्रह्मघोषवादी तथागत अर्हत सम्यक सम्बुद्ध एवं शाक्य सिंह, शाक्यमुनि बुद्ध हुनु भयो भने हामीहरू चाहिं तुच्छ स्वार्थमा लाग्दा दुःखमय संसारमा भौतारेर बस्नुपऱ्यो।

उदाहरणार्थ काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्धमा महाकारुणिक राजकुमारले बघिनीलाई देहदान दिएको वृतान्तलाई लिन सकिन्छ। नमो बुद्धलाई शेर्पा भाषामा ताग्मोरलुज्यिन (बाघिनीलाई देहदान दिएको स्थान) भनिन्छ।

अहिले हामीहरू यहाँ किन जन्म भएका छौं भने छुट्नका लागि। नछुटी उपाय नै छैन। त्यस्तै हामी किन जन्मेको हौं भने मर्नकालागि।

यसबाहेक भाग्ने र लुक्ने ठाउँ कहीं कतै पनि छैन। मरेर ढुङ्गा माटो भएर जाने भए पनि हुन्थ्यो। त्यसो नभई पुनर्जन्म लिनुपर्छ, पुनर्जन्ममा आफूले गरेको कर्मफल भोग गर्नुपर्छ। मरण हुँदा काम लाग्ने परममित्र चाहिं एकल धर्म हो। यस बाहेक बाबु आमा, दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, इष्टमित्र आदि सहयोग गर्ने साथी कोही हुँदैन। तसर्थ आफूले आफैंलाई चिनेर, आफूले आफैलाई माया गरेर माथि सुगतिमा पठाउने र तल दुर्गतिमा पठाउने निर्णयक स्वयं आफै भएकोले परममित्र धर्मको सम्पर्कमा बसिरहदा राम्रो हुन्छ। धर्मको सम्पर्कमा रहँदा प्राणीको गर्दन रेटेर होइन कि आफ्ना अविद्या र आत्मग्रहलाई रेटेर बस्दा उत्तम हुन्छ।

हिजो आज यदाकदा धर्म परिवर्तनको कुरो सुनिन्छ। धर्म परिवर्तन गर्नु भनेको आफू एक्लो अगल भएर जाने नभई आफ्नो परिवार, समाज र सनातन देखि चलिआएको धार्मिक परम्परा सबै त्यागेर अरूको परिवार, समाज र धार्मिक परम्पराको अनुशरण गर्नु हो। त्यो पनि स्वदेश र समाजको परिवर्तनको लागि भएको भए राम्रै हुन्थ्यो, त्यसो नभई भुँडी भर्नका लागि धर्मको व्यापार गरेकोले यो भन्दा नीचता अरू केही नभएको कुरा बुझेर सचेत हुन आवश्यक छ।

अन्तमा हाम्रो नेताजीहरूलाई केही सुझाव दिन चाहन्छु। पहिले पहिलाका राजा महाराजाहरूले आफ्नो टाउकोमा एउटा सेतो रौं उम्रिनासाथ यमराजको पत्र आयो भनी राज्यको राजकाज युवराजलाई सुम्पेर स्वयं जङ्गलमा ध्यान गर्न जाने इतिहास पाइन्छ। यस्तो ऐतिहासिक वृतान्तहरू हेर्न नभ्याए पनि नेपाल आमाका सुपुत्र सिद्धार्थ कुमारले "बहुजनहित र बहुजनसुख"कालागि श्रीमती, छोरा लगायत सारा राज्यसत्तालाई थुक जसरी त्यागेर ज्ञानको खोजीमा लागेको यथार्थ स्मरण गरी बहुजनहित, सुखका लागि केही गर्न असमर्थ भए पनि नेपाली जनताका लागि केही गरी देखाउँछु भन्ने आँट गर्नु पऱ्यो नेताजीहरूले।

नेताजीहरूले २०६४ साल देखि संविधान बनाउने निहुँमा देशलाई नाङ्गो पारिरहेको कहीं कतैबाट छिपेको छैन । देशलाई नाङ्गो पार्दा नेताजीहरूलाई कुरी-कुरी नलागे पनि, हामी देख्नेलाई कुरी-कुरी लागिसक्यो । त्यसैले तपाईहरूलाई संविधान बनाउन अरु धेरै समय लाग्ला जस्तो छ। त्यो भन्दा तपाईहरू जनताको अभिभावक भएर गाउँ गाउँमा जानुहोस्, जनतालाई दिएको वचन पूरा गर्नुहोस् । संविधान बनाउने जिम्मा संविधानविद्हरूलाई दिनुहोस् । यसो गर्दा तपाईहरूको प्रतिष्ठा पनि बढ्ने छ ।

अन्ततः समावेशी लोकतन्त्र, संघीयता र गणतन्त्रात्मक संविधान जस्तो बनाए पनि मानिसको जन्मसिद्ध मौलिक हक अधिकार, कुनै पनि क्षेत्रभित्र बसोबास गर्ने जुनसुकै जातको भएता पनि समान अधिकारको साझेदारी हुनु पर्दछ। अल्पसंख्यक, सीमान्तकृत, जातजाति, भाषा भाषी रीति रिवाज र धर्म संस्कारको स्वायत्तता दिनुपर्छ ।

अब मदन पुरस्कार गुठीका पदाधिकारी बन्धुहरूलाई धन्यवाद दिन चाहन्छु । वहाँहरूले मलाई यस राष्ट्रस्तरीय विद्वान् विदुषीहरूका समारोहमा मेरा विचार प्रस्तुत गर्ने शुभ-अवसर प्रदान गर्नु भयो । त्यसका लागि गुठीका कल्याणकारी बन्धुहरूलाई हार्दिक साधुवाद दिन चाहन्छु । सधुवाद !

त्यसैगरी वि.सं. २०७१ सालका मदन पुरस्कार विजेता श्रीराधा पौडेलज्यूले जुम्ला जिल्लाका सदरमुकाम खलङ्गामा घटेको भयानक घट्नाको लिपिवद्ध गरी सबै सामु ल्याइदिनु भई त्यो भद्रगोल स्थिति देखाएर हामीलाई करुणाको भावना गर्ने राम्रो मौका जुराइदिनु भएकोमा वहाँलाई विशेष धन्यवादका साथै बधाई दिन चाहन्छु। बधाई !

त्यसैगरी जगदम्बा श्री पुरस्कारबाट पुरस्कृत अन्वेषक श्री शिव रेग्मीज्यूलाई पनि धन्यवादसहित बधाई दिन चाहान्छु। बधाई!

शास्त्रीय मान्यता अनुसार प्रस्तुति गर्ने प्रस्तोता भन्दा श्रवण गर्ने महानुभावहरू धन्य हुने भएकोले मेरो प्रस्तुति सुनिदिनुभएकोमा यहाँ उपस्थित भद्र सज्जनवृन्द सबैलाई धन्यबाद व्यक्त गर्दै मदन पुरस्कार गुठी र जगदम्बाश्री गुठीको उत्तरोत्तर प्रगतिको लागि मंगलगाथा पाठ गर्दछु।

*ञोन्मोङ देलेग छ्रेन्देग, ञिमी गुङयाङ देलेग शिङ,*
*ञिन्छ्रेन तग्तु देलेग्पा, कोन्छ्रयोग सुम्ग्यी टाशी शोग।*

अर्थात:-

दिनमा मंगल र रातमा मंगल होओस्, रात दिन सदा मंगल होओस्।
दिनको मध्यान्हमा पनि मंगल होओस, सदा सर्वदा त्रिरत्नको मंगल होओस।

भवतु सर्व मंगलम्।